**बैठक नं.७४**

आज मिति २०७७/१०/२८ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८:३० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | — |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | प्रदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | — |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | — |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

कुमार प्रसाद थापा - का.वा. वडाध्यक्ष - कुमार प्र. थापा

यम वराल - का.वा. वडाध्यक्ष - ५ -

**प्रस्ताव नं. ७४.१**

**बुटवल उपमहानगरपालिकाको ६२ औं स्थापना दिवस मनाउने सम्बन्धमा ।**

**निर्णय नं.७४.१**

बुटवल उपमहानगरपालिकाको ६२ औं स्थापना दिवसका अवसरमा देहाय बमोजिमका कार्यक्रमहरु गरी स्थापना दिवस मनाउने निर्णय गरियो ।

(क) मिति २०७७।११।०३ गते विहान ११:०० बजे बुटवल उपमहानगरपालिका प्राङ्गणमा शुभकामना आदान प्रदानको कार्यक्रम राख्ने । प्रमुख अतिथिको सम्बन्धमा नगर प्रमुखज्यूले आमन्त्रण गर्ने व्यवस्था मिलाउने ।

(ख) बुटवल उपमहानगरपालिकाको ६२ औं स्थापना दिवसको अवसरमा कर्मचारीहरु र जनप्रतिनिधिहरुवीच तपसिल बमोजिमका प्रतियोगितात्मक तथा मैत्रीपूर्ण खेलकुद कार्यक्रमहरु संचालन गर्ने र उक्त कार्यक्रमहरुको सञ्चालन नगर खेलकुद विकास समितिले गर्ने निर्णय गरियो ।

-अन्तर महाशाखागत भलिवल प्रतियोगिता ।
-महिला कर्मचारी र महिला जनप्रतिनिधिवीच मैत्रीपूर्ण भलिवल ।
-म्युजिकल चेयर (कुर्सी दौड) महिला मात्र ।
-तातो आलु (पुरुष/महिला)
-सटपुट प्रतियोगिता ।
-घैटो फोर्ड ।
-जनप्रतिनिधि र कर्मचारीहरुवीच मैत्रीपूर्ण भलिवल ।

(ग) बुटवल उपमहानगरपालिकाको ६२ औं स्थापना दिवसको अवसरमा बुटवल उपमहानगरपालिका अन्तर्गतका सबै वडाहरुमा गठन भई क्रियाशिल रहेका टोल विकास संस्थाहरुमध्येबाट प्रत्येक वडा समितिहरुले तोकिएको सूचकको आधारमा उत्कृष्ट एक टोल विकास संस्था छनौट गरी मिति २०७७।११।०२ गते विहान ११:०० बजेसम्म बुटवल उपमहानगरपालिकामा सिफारिस गरी पठाउने निर्णय गरियो । सो अवसरमा कार्यालयको निर्णय बमोजिम उत्कृष्ट टोल विकासको रुपमा सम्मान/पुरस्कृत गर्ने ।

(घ) वडा समिति र वडास्तरीय ज्येष्ठ नागरिक मञ्चसँगको समन्वयमा वडास्तरमा तोकिए बमोजिमको आधारमा उपयुक्त मितिमा जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने ।

(ङ) यस उपमहानगरपालिकाको ६२ औं स्थापना दिवसको अवसरमा आ.व.२०७६/०७७ मा उपमहानगरपालिकामा बुझाउनुपर्ने देहाय बमोजिमको कर शीर्षकमा सवैभन्दा बढी कर राजश्व बुझाई योगदान दिने (कार्यालयको अभिलेख बमोजिम) देहाय बमोजिमका करदातालाई सम्मान गर्ने निर्णय गरियो ।

| सि.नं. | कर शीर्षक | करदाता | सम्मानको किसिम |
|---|---|---|---|
| १. | सम्पत्ति कर | श्री नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लिमिटेड | सम्मानपत्र |
| २. | सम्पत्ति कर | श्री एभरेष्ट इ.वोर्डिङ्ग प्रा.लि | सम्मानपत्र |
| ३. | सम्पत्ति कर | श्री नेपाल टेलिकम (दुर संचार) | सम्मानपत्र |
| ४. | सम्पत्ति कर | श्री मधुसुधन लाल श्रेष्ठ | सम्मानपत्र/दोसल्ला |
| ५. | सम्पत्ति कर | मन बहादुर के.सी.समेत | सम्मानपत्र/दोसल्ला |
| ६. | सम्पत्ति कर | श्री विलास मोहन बभ्रानथाक्षे | सम्मानपत्र/दोसल्ला |
| ७. | बहालकर | श्री मधुसुधन लाल श्रेष्ठ | सम्मानपत्र/दोसल्ला |
| ८. | बहालकर | श्री पोष्टराज ज्ञवाली/मन्जु ज्ञवाली | सम्मानपत्र/दोसल्ला |
| ९. | बहालकर | श्री ज्ञानेन्द्र प्रसाद मल्ली | सम्मानपत्र/दोसल्ला |

**प्रस्ताव नं. ७४.२**

**प्राइभेट फर्म दर्ता एवं नवीकरण सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं.७४.२**

बुटवल उपमहानगरपालिका क्षेत्रभित्र व्यापार र उद्योग व्यवसाय संचालन गर्ने प्राइभेट फर्महरुको दर्ता, नवीकरण, नियमन, सहजिकरण र तत्सम्बन्धी अन्य व्यवस्था गरी उपमहानगरपालिकाको आर्थिक समृद्धि एवं व्यावसायिक हित प्रवर्धन गर्न आवश्यक भई आजको वैठकमा प्रस्तुत भएको बुटवल उपमहानगरपालिका प्राइभेट फर्म दर्ता एवं नवीकरण सम्बन्धी कार्यविधि, २०७७ माथि दफावार छलफल गरियो । आजको वैठकमा उठेका विषयवस्तुहरुलाई समेत तत् तत् दफा एवं उपदफाहरुमा समावेश गरिएको हुँदा पेश भए बमोजिमको प्राइभेट फर्म दर्ता एवं नवीकरण सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७४.३**

**सह लगानीको योजना छनौट सम्बन्धमा ।**

**निर्णय नं.७४.३**

नेपाल सरकार, अर्थ मन्त्रालय सिंहदरवार काठमाण्डौंबाट मिति २०७७।१०।२१ मा प्रकाशित सूचना अनुसार प्रदेश र स्थानीय तहमा आ.व.०७७७०७८ का लागि सहलगानीमा संचालन गरिने आयोजना पेश गर्ने सम्बन्धमा सहलगानी सम्बन्धी कार्यविधि, २०७७ मा व्यवस्था भए बमोजिम उच्च आर्थिक वृद्धि हुने, रोजगारी सिर्जना भई गरिवी निवारणमा सहयोग पुग्ने, प्रत्यक्ष रुपमा आम्दानी प्राप्त गर्न र सञ्चालन खर्च व्यवस्थापन गर्न सक्ने, तुलनात्मक रुपमा उच्च प्रतिफल प्राप्त हुने, जनसमुदायलाई सेवा पुग्ने र वातावरणीय दृष्टिकोणले समेत उपयुक्त हुने देखिएको । शान्तिका अग्रदुत गौतम वुद्धको विशाल मुर्ति राख्ने कार्यक्रमका साथ DPR तयार भई सकेको तर उक्त निर्माण सम्बन्धी कार्य प्रक्रिया अगाडि बढाउनका लागि नगरको स्रोतबाट मात्र सम्भव नभएको हुँदा **नेपाल सरकार, प्रदेश र स्थानीय तहसँगको**

सहलगानीमा पर्यटन पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रम कार्यान्वयन एवं निर्माण गर्नका लागि लुम्बिनी प्रदेश सरकारसँग अनुरोध गर्ने र अर्थ मन्त्रालय, सिंहदरवार काठमाण्डौंमा देहाय बमोजिमको प्रदेश स्तरीय आयोजनामा कार्यविधिले तोके बमोजिमको आनुपातिक लागत साझेदारी यस बुटवल उपमहानगरपालिकाले समेत व्यहोर्ने प्रतिवद्धता सहित बहुबर्षिय आयोजना प्रस्ताव गरी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम र ठेगाना |
|---|---|
| १. | विग बुद्ध मुर्ति सहित पूर्वाधार विकास आयोजना, बुटवल उपमहानगरपालिका- ६, ७ र ८ हिलपार्क । |

**प्रस्ताव नं. ७४.४ विविध ।**
**प्रस्ताव नं.७४.४.१**
**आयोजना प्रस्ताव सम्बन्धमा ।**
**निर्णय नं.७४.४.१**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम, कार्यक्रम समन्वय ईकाई, ललितपुरको सडक पहिचान गरी पठाउने सम्बन्धी मिति २०७७।१०।२१ गतेको सूचना अनुसार **प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७** मा व्यवस्था भए बमोजिम गुणस्तरीय तथा सुरक्षित सडक सञ्जालको विस्तार गर्दा स्थानीय तहको आर्थिक र सामाजिक रुपान्तरणमा सहयोग पुग्ने, तुलनात्मक रुपमा उच्च प्रतिफल प्राप्त हुने र अधिकतम जनसमुदायलाई सेवा पुग्ने तथा वातावरणीय दृष्टिकोणले समेत उपयुक्त हुने देखिएको । यस बुटवल नगरक्षेत्रभित्र पूर्वाधार विकास निर्माणका अतिरिक्त मानवीय सचेतना एवं क्षमताको विकास गरी "समृद्ध बुटवल खुसी बुटवलबासी" को सपना साकार पार्ने लक्ष्य रहेको तर उक्त अभियानका लागि नगरको श्रोतले मात्रै सम्भव नहुने भएको हुँदा संघीय सरकारसँगको सहकार्यमा थप पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रम कार्यान्वयन एवं निर्माण गर्नको लागि कार्यविधिले तोके बमोजिमको लागत साझेदारी बुटवल उपमहानगरपालिकाको तर्फबाट गर्ने प्रतिवद्धता सहित देहायका आयोजनाहरु प्रस्ताव गरी उल्लेखित स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम, कार्यक्रम समन्वय इकाई ललितपुरमा पठाउने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम र ठेगाना |
|---|---|
| १. | योगिकुटी-मगरघाट-कर्साघाट हुँदै सैनामैना नगरपालिका जोड्ने सिमा सडक, बुटवल उ.म.न.पा., तिलोत्तमा न.पा.र सैनामैना न.पा. |

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।